# स्वावलम्बन बैंक समाचार

स्वावलम्बन लघुवित्त विकास बैंक लि. द्वारा प्रकाशित त्रैमासिक बुलेटिन। २०७२ चैत्र

## स्वावलम्बन बैंक १५ औं वर्षमा प्रवेश

### ४८ जिल्लामा कार्यक्रम संचालन, २ लाख ग्राहक सदस्य प्रत्यक्ष लाभान्वित, लगानीका रहेको कर्जा करिव ६ अर्व




स्वावलम्बन लघुवित्त विकास बैंक लि.को १५ औं वार्षिकोत्सव एक समारोह विच काठमाडौंमा सम्पन्न भयो ।

समारोहमा प्रमुख अथिति स्वावलम्बन विकास केन्द्रका अध्यक्ष श्री शंकर मान श्रेष्ठले बैंकका सकारात्मक सूचकहरूले बैंक अग्रगतीमा बढिरहेकोमा खुसी व्यक्त गर्नुभयो । उहाँले लघुवित्तमा आवद्ध सदस्यहरूको आयस्तरमा बृद्धि ल्याउन उनीहरूको क्षमता अभिवृद्धिमा जोड दिनुपर्ने बताउनुभयो । कर्मचारीहरूलाई पुनर्प्रशिक्षित गर्नुपर्ने र उनीहरूकाका लागि सोंचमा परिवर्तन ल्याउने किसिमका तालिमहरूको आवश्यकता रहेको समेत उहाँले बताउनुभयो ।

नेपाल राष्ट्र बैंक लघुवित्त प्रबर्द्धन तथा सुपरिवेक्षण विभागका कार्यकारी प्रमुख तथा विशेष अतिथि डा.विनोद आत्रेयले शुभकामना दिनुहुँदै बैंकका सबै सूचकहरू सकारात्मक रहेकोले बैंकको लघुवित्तको यात्रा सुखमय रहेको बताउनुभयो । उहाँले देशमा वित्तीय पहुँचका लागि लघुवित्तको योगदान अत्यन्त ठूलो रहेको समेत बताउनुभयो । लघुवित्त बैंकहरू ठूलो संख्यामा रहेकोले प्रतिस्पर्धा बढी देखिएकाले लघुवित्त वित्तीय संस्थाहरूले सेवाको गुणस्तरमा जोड दिनु आवश्यक रहेको र ग्राहक सदस्य वृद्धि मात्र नभई सकृय सदस्य वृद्धि गर्दै गरिवी न्यूनिकरणमा सहयोग पुऱ्याउनुपर्नेमा उहाँले जोड दिनुभयो ।

सभापति तथा बैंक संचालक समितिका अध्यक्ष श्री बिजेन्द्र सुवालले आगामी दिनमा लघुवित्तमा आवद्ध सदस्यहरूको क्षमता अभिवृद्धि तथा आयस्तरमा बृद्धि गर्न उनीहरूको लागि सीप लगायत शिक्षा जस्ता विषय समेत संगसंगै लान र उनीहरूलाई सकृय राख्न हामीले के गर्न सकिन्छ त्यस सम्बन्धमा कर्मचारीहरूलाई अगाडी बढ्नुपर्ने बताउनुभयो । उहाँले समारोहमा उपस्थित सबै महानुभावहरूलाई समेत धन्यबाद दिनुभयो ।

बैंकका प्रमुख कार्यकारी अधिकृत श्री नरेश मान प्रधानले समारोहमा उपस्थित सम्पूर्ण महानुभावहरूलाई स्वागत गर्नुहुँदै बैंकको गत आ.व.मा उत्साहजनक प्रगति भएको र आगामी बर्ष समेत यसको निरन्तरताका लागि अनुरोध गर्नुभयो । बैंकले प्राकृतिक विपत्तिमा परेका सदस्यहरूलाई राहत स्वरूप बैंकको क्षमता अनुसार सहयोग उपलब्ध गराउँदै आएको व्यहोरा समेत बताउनुभयो । उहाँले बैंकको यस प्रकारको प्रगति आगामी बर्षमा समेत हुने अपेक्षा राख्दै संचालक समितिको तर्फबाट कर्मचारीहरूलाई प्रोत्साहन रकम उपलब्ध गराउने निर्णय भएको समेत जानकारी दिनुभयो ।

समारोहमा बैंकमा आवद्ध ज्येष्ठ ग्राहक सदस्यहरू, उत्कृष्ट लघु व्यवसायी, बचतकर्ता, केन्द्र प्रमुख तथा शाखा कार्यालयहरूलाई सम्मान गरिएको थियो । कार्यक्रममा संचालक समितिका संचालकहरू, २० बर्ष पुगेका ज्येष्ठ कर्मचारीहरूलाई दोसल्ला ओढाई कदरपत्र सहित सम्मान गरिएको थियो । साथै, कर्मचारीका छोरा छोरीहरू मध्ये एस.एल.सी. परीक्षामा सर्वोत्कृष्ट अंक ल्याउने ४ जनालाई नगद सहित सम्मान-पत्र प्रदान गरिएको थियो ।

विपन्न तथा आर्थिक अवस्था कमजोर भएका समुदायको आर्थिक सामाजिक अवस्थामा सुधार ल्याउन लघुवित्त कार्यक्रम संचालन गर्दै आएको बैंकले हाल ४८ जिल्लाका १२१ कार्यालय मार्फत २ लाख ३ सय ७३ ग्राहक सदस्यहरूलाई लघुवित्त सेवा पुऱ्याउँदै आएको छ । ■

**नव वर्ष २०७३ सालको शुभ अवसरमा हार्दिक मंगलमय शुभ-कामना**

**स्वावलम्बन लघुवित्त विकास बैंक लि., परिवार**

# इलाका कार्यालयमा बार्षिकोत्सव कार्यक्रमको आयोजना



(साभार: www.tulsipuronline.com)




घोराही, १६-माघ/स्वावलम्बन लघुवित्त विकास बैंकले आफ्नो १५ औं बार्षिकोत्सव मनाएको छ। बैंकका इलाका प्रबन्धक श्री मणि खड्काको अध्यक्षता एवं दाङ्गका प्रमुख जिल्ला अधिकारी दिपक काफ्लेको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा उत्कृष्ट वचतकर्ता, सफल उद्दमी र १५ वर्ष पुराना ग्राहक सदस्य गरी २० जनालाई सम्मान पत्र सहित दोसल्ला ओढाएर सम्मान गरेको छ।

कार्यक्रममा बोल्ने बक्ताहरूले विपन्न तथा गरिब महिलाहरूको आयस्तर बृद्धिका लागि बैंकले ग्रामिण क्षेत्रमा सेवा विस्तार र प्रवाह गर्नुपर्नेमा जोड दिएका छन। प्रमुख जिल्ला अधिकारी काफ्लेले आर्थिक र सामाजिक रूपमा महिलालाई शसक्त बनाउन बैंकले नेतृत्वदायी भूमिका खेल्नुपर्ने बताउनुभयो।

त्यसैगरी, प्रहरी प्रमुख एसपी कुवेर कडायतले परिवार र समाजको गरिवीलाई हटाउन बैंकले गरेको लगानीले सशक्तिकरण र आर्थिक पक्षलाई बलियो बनाउने बताउनुभयो। कृषि विकास बैंक क्षेत्रीय कार्यालयका प्रमुख मोहन केसीले गाँउका गरिव तथा विपन्न महिलाहरूको आर्थिक अवस्थालाई बलियो बनाउँदै गरिबी निवारणमा ध्यान दिन आग्रह गर्नुभयो।

कार्यक्रममा सहभागी भएका बैंकद्वारा सञ्चालित केन्द्रका महिलाहरूले बैंकको सहयोगमा आफुहरूले आर्थिक, सामाजिक र क्षमता विकासमा सुधार आएको बताउनुभयो। महेश्वरी घर्ती, पार्वता ओझा, विमला पुन, शीलाकुमारी शर्माले बैंकको सहयोगबाट आत्मनिर्भरता बढेको, वचत गर्ने बानीको विकास, सीप र क्षमता विकासमा उल्लेखनिय सुधार भएको बताउनुभयो।

त्यसैगरी, इलाका कार्यालय इटहरी, सुनसरीमा समेत एक कार्यक्रम बीच बार्षिकोत्सव सम्पन्न भयो। ■

## विभिन्न कार्यालयमा सीप विकास तालिम सम्पन्न




शाखा कार्यालय, नगरकोटद्वारा संचालित तालिमका सहभागी।




शाखा कार्यालय, फिक्कलद्वारा संचालित तालिमका सहभागी।

यस बैंकको कार्यक्रममा आवद्ध ग्राहक सदस्यहरूका लागि विभिन्न सीप विकास तालिम आयोजना भएका छन। शाखा/उपशाखा कार्यालयबाट सदस्यको आयस्तर बृद्धिका लागि लघुव्यवसाय संचालन गर्न सहयोग पुग्ने किसिमका तालिम बैंकले प्रत्येक वर्ष आफ्नो वार्षिक कार्यक्रम अनुसार संचालन गर्दै आएको छ। सीप विकास तालिम कार्यक्रम अन्तरगत च्याउ खेती तालिम, कुखुरा पालन, तरकारी खेती, साबुन बनाउने, अचार बनाउने तालिम, बंगुर पालन तालिम, बेमौसमी तरकारी खेती जस्ता आय आर्जन मूलक तालिम रहेका छन।

## छात्रवृत्ति प्रदान

स्वावलम्बन लघुवित्त विकास बैंक लि.का कर्मचारीका छोरा छोरीहरू मध्ये गत २०७२ सालको एस.एल.सी. परीक्षामा सर्वोत्कृष्ट अंक ल्याउने ४ जनालाई नगद सहित सम्मान-पत्र प्रदान गरेको छ।

बैंकको १५ औं वार्षिकोत्सव समारोहको अवसरमा नेपाल राष्ट्र बैंक लघुवित्त प्रबर्द्धन तथा सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक डा.विनोद आत्रेयले सम्मान गर्नुभएको थियो।



## १५ औं वार्षिकोत्सव एक झलक



समारोहमा ग्राहकसदस्यलाई सम्मान गर्दै स्वावलम्बन विकास केन्द्रका अध्यक्ष श्री शंकरमान श्रेष्ठज्यू



स्वावलम्बन विकास केन्द्रका अध्यक्ष श्री शंकरमान श्रेष्ठज्यूलाई मायाको चिनो प्रदान गर्दै बैंकका अध्यक्षज्यू



समारोहमा लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक डा. विनोद आत्रयज्यूलाई मायाको चिनो प्रदान गर्दै बैंकका अध्यक्षज्यू



पूर्व प्रमुख कार्यकारी अधिकृत श्री राम कुमार श्रेष्ठलाई कदर-पत्र सहित सम्मान गर्दै बैंकका अध्यक्षज्यू



पूर्व संचालक डा. सुमित्रा मानन्धर गुरुङलाई कदर-पत्र सहित सम्मान गर्दै बैंक अध्यक्ष श्री विजेन्द्र सुवालज्यू



सम्मानित बीस वर्ष पुगेका ज्येष्ठ कर्मचारीहरू

# नि:शुल्क आँखा शिविर




स्वावलम्बन लघुवित्त विकास बैंक लि.को आयोजना तथा रेयुकाई इको मासुनागा, आँखा अस्पताल बनेपाको प्राविधिक सहयोगमा बैंकका ग्राहक सदस्य तथा उनीहरूको परिवारलाई लक्षित गरी २०७२ चैत्र २८ गते एक दिने निशुल्क आँखा शिविर संचालन गरिएको छ ।

बैंकको सामाजिक कार्य अन्तरगत हाल शाखा कार्यालय बनेपा, काभ्रेपलाञ्चोकका ग्राहक सदस्य तथा उनीहरूको घरपरिवारका लागि आँखा शिविर संचालन गरेको हो । आँखा शिविर कार्यक्रममा आँखा अस्पताल बनेपाका २ जना आँखा रोग विज्ञ सम्मिलित टोलिद्वारा २३८ जनाको आँखा परीक्षण गरिएको थियो । आँखा परीक्षण पछि विरामीहरूलाई आवश्यकता अनुसार निशुल्क चस्मा लगायत औषधी समेत वितरण गरिएको थियो ।

उपस्वास्थ्य चौकी तथा गाउँ विकास समितिको प्राङ्गणमा सञ्चालित आँखा शिविर कार्यक्रम उद्घाटन गर्दै बैकका प्रमुख कार्यकारी अधिकृत श्री नरेश मान प्रधानले ग्राहक सदस्य तथा उनीहरूको परिवारका लागि विभिन्न शीप विकास तालिम संचालन गर्दै तथा यस प्रकारका आँखा शिविर देशभर संचालन गर्दै लैजाने बताउनुभयो । कार्यक्रममा आँखा अस्पतालका कोषाध्यक्ष श्री दिनेश राज कायस्थले यस प्रकारका सामाजिक कार्य गरेकोमा बैंकलाई धन्यवाद दिनुभयो । त्यसैगरी रेयुकाई इको मासुनागाका सदस्य सचिव श्री हिरामणी शर्माले बैंकले आर्थिक कारोबार मात्र गर्ने भएता पनि यस प्रकारका सामाजिक कार्य गरेकोमा खुसी व्यक्त गर्नुभयो । कार्यक्रममा जनश्वास्थ्य कार्यालयका प्रतिनिधि, गाविस सचिव, केन्द्रीय कार्यालय लगायत इलाका तथा शाखा कार्यालयका पदाधिकारीको उपस्थिति थियो । ■

**कविता**

**– सुमन खत्री**

*उपशाखा कार्यालय, हिंगुवापाटी*



## शुभ-कामना

लाखौं लाख शुभ-कामना छ स्वावलम्बन तिमिलाई
पचहत्तरै जिल्लामा शाखा विस्तार गरी गरिव र विपन्नमाझ पुग्नलाई
समाजमा रहेको अन्धविश्वास र रूढीवादीको जरो छिन्नलाई
सधै गरिव र विपन्नको सहयोगी बन्नलाई ।

विपन्नको जीवनमा पुष माघको घाम पनि खायौ
इमान्दारी र मेहनतीको जीवनमा खडेरीको पानी बनी आयौ
कयौं संस्था र कर्मचारीको मार्ग दर्शक बनी आयौ
न्यून आय भएका समुदायमा औंशीको रातमा चन्द्र बनी आयौ ॥

समुदायलाई जाँगर र इमानको बाटो तिमिले देखायौ
विपन्न र गरिवको घरघरमा आशाको दियो जलायौ
लघुवित्तको क्षेत्रमा अग्रपंतीमा रहिरहनु
गरिवी र अशिक्षाको जालो फाल्नलाई सधै सहयोगी बनिरहनु ॥।

हिमाल, पहाड, तराईलाई एउटै मालामा उनी
शहर देखि गाँउ गाँउसम्म सधै सबैको बनी गुणी
सम्पूर्ण सदस्य र कर्मचारीमा तिम्रो प्रगतिको चाहना
स्वावलम्बन तिमिलाई लाखौं लाख शुभ-कामना ॥॥

# स्वावलम्बन लघुवित्त विकास बैंक लि.

## अद्यावधिक स्थिति (२०७२ फाल्गुनसम्म)

बैंकले सेवा पुऱ्याएको जम्मा जिल्ला संख्या : ४८

| क्र. सं. | इलाका कार्यालय | कार्यालय संख्या | कार्यक्रमले ढाकेको गा.वि.स/ न.पा. | केन्द्र संख्या | समुह संख्या | सदस्य संख्या | ऋणी सदस्य संख्या | ऋणी सदस्य अनुपात % | लगानीमा रहीरहेको रकम रू. (०००) | सदस्य बचत रकम रू. (०००) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | विर्तामोड, झापा | ८ | ५६ | ६१७ | २,७०८ | १०,७०६ | ८,३१३ | ७८% | ४०३,६६७ | १४९,७२७ |
| २ | इटहरी, सुनसरी | १० | ८७ | ८८७ | ४,५९८ | २०,५८५ | १४,६९२ | ७१% | ६५२,६४४ | ३०१,१८९ |
| ३ | लहान, सिरहा | १८ | १५२ | १,२०८ | ६,३१७ | २९,०९७ | १९,३९८ | ६७% | ९२२,२०९ | ४११,४४३ |
| ४ | बर्दिबास, महोत्तरी | ११ | ९४ | ७७६ | ४,५७५ | २१,५१६ | १५,४५५ | ७२% | ७८६,३९० | ३०७,४५९ |
| ५ | बीरगंज, पर्सा | ११ | ८२ | ८४७ | ५,२७१ | २४,२३१ | १७,६८३ | ७३% | ७२६,१३० | ३६५,३७४ |
| ६ | गट्ठाघर, भक्तपुर | १७ | १११ | १,४९३ | ७,६०१ | ३१,२२५ | १८,७८६ | ६०% | ६३४,९११ | ४६०,२७० |
| ७ | घोराही, दाङ्ग | १९ | १४१ | १,४८९ | ७,४४९ | ३५,०९७ | २३,५०६ | ६७% | ९६३,८२६ | ३९७,२३९ |
| ८ | मुग्लिन, चितवन | ९ | ६४ | ७०९ | ३,०२३ | १४,९७५ | ११,०६० | ७४% | ४२०,७३२ | १७४,२२२ |
| ९ | धनगढी, कैलाली | ८ | ३३ | ५५० | २,४६३ | १२,९४१ | ८,००४ | ६२% | २९९,३२२ | १०५,९४० |
| | **जम्मा** | १११ | ८२० | ८,५७६ | ४४,००५ | २००,३७३ | १३६,८९७ | ६८% | ५,८०९,८३० | २,६७२,८६५ |

## अनुरोध

यस "स्वावलम्बन बैंक समाचार" लाई अझ प्रभावकारी, उपयोगी र स्तरीय बनाउन तपाईंहरुको रचनात्मक सहयोग एवं सुझावको सदैव अपेक्षा गर्दछौं । यस प्रकाशनको प्रकृतिसँग मेल खाने लेख, रचना, सदस्यहरुको सफलताका कथाहरु तथा अन्य समसामयिक गतिविधि समेटी तयार पारेका रिपोर्टहरु स्पष्टसंग लेखि वा टाइप गरी पठाउनु हुन समेत अनुरोध गर्दछौं ।

**प्रापक**

..............................................................................

..............................................................................

..............................................................................

..............................................................................

केन्द्रीय कार्यालय: लालकोलोनी मार्ग, लालदरबार, काठमाडौं, पो.ब.नं. १९२४६, फोन ०१-४४३४९२१, ४४३४९२२ फ्याक्स: ०१-४४४१५२५
E-mail: swbbl@ntc.net.np / swabalambanadm@gmail.com, Web Site: www. swbbl.com.np